# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी अमरप्रसाद भट्टसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको झुटा सरूवा पत्रको आधारमा शिक्षक कायम गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी अमरप्रसाद भट्टसमेत भएको मुद्दामा :

**प्रतिबादीहरु अमरप्रसाद भट्ट, मनकाकुमारी अवस्थी, नरबहादुर कुँवर, जयराज जोशीको हकमा:** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफामा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम बिगो रु. ७४,९२०। कायम गरी कैद र बिगो बमोजिमको जरिबाना हुन तथा सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो रु.७४,९२०। निज प्रतिवादीबाट असुल उपर हुन,

**प्रतिबादी हरिनाथको हकमा:** भ्ष्ट्राचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफाले उल्लेख भए बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)को खण्ड (ग) बमोजिम बिगो रू ७४,९२०।- कायम गरी सजाय हुन,

**प्रतिबादी मञ्जुकुमारी सिंहको हकमा** संजय ठाकुरको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३(२) र दफा १५८(२) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम बिगो भराउन,
मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१७ को फैसलाबाट सफाई दिएको-:

- प्रतिबादी मनकाकुमारी अवस्थिले काम काज गरी पारिश्रमिक बापत बुझेको तलब भत्तालाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको भन्न नमिल्ने,
- प्रतिबादी अमरप्रसाद भट्टले बदनियत राख्नु पर्ने कारण अभियोजन पक्षले उल्लेख नगरेको,
- प्रतिबादी नरबादुर कुँवरले तालुक कार्यालयबाट प्राप्त निर्देशन पालनसम्म गरेको कार्य अन्य प्रमाणको अभावमा भष्ट्राचार जन्य कसुर नभएको,
- प्रतिबादी जयराज जोशीले सरूवा भई आएका शिक्षक मनकुमारीलाई शिक्षण सेवा गरे बापतको पारिश्रमिक भुक्तानी गर्ने कार्य भष्ट्राचारको कसूर मान्न नमिल्ने,
- शिक्षक मनकाकुमारी अवस्थीलाई हरिनाथले सरूवा तथा पदस्थापना भएको बिद्यालयमा संगै लिई जानु नै भष्ट्राचारजन्य कसुर मान्न नमिल्ने।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

## देहायः

- प्रतिबादी मध्येका मनकाकुमारी अवस्थीले मिति २०७२ पौष ९ गते देखि २०७३।०१।०८ गतेसम्म ४ महिनाको मासिक तलब भत्ता. रु. १७,७३०।- र महंगी भत्ता रु. १,०००।- का दरले हुन आउने रु. ७४,९२०।- श्री बलैराज निम्नमाध्यमिक विद्यालयबाट बुझीलिइ भर्पाई लिएको/गरिदिएको भन्ने बलैराज आधारभुत बिद्यालय सुनखोलाको पत्र र प्रतिबादीले तलव बुझेको कुरा प्रतिबादी मनकाकुमारी अवस्थीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा समेत स्वीकार गरेको।
- प्रतिबादी मध्येका मनाकादेवी अवस्थी हुनैनाथ प्राथमिक बिद्यालयमा शिक्षक पदको लागी कुनै नियुक्त नलिएको कुरा हुनैनाथ प्रा.बि. सल्सेनाको पत्रबाट देखिन्छ । प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा समेत हुनैनाथ प्रा.बि. सल्सेनामा प्रकृयागत रूपमा नियुक्त लिएको भन्न नसकेको र नियुक्त पत्र आउदैछ दिन्छौ भनेर बि.नि. सर हरिनाथले सोझै बलैराज नि.मा.बि.मा लिएर जानु भएको हो भन्ने समेत व्यहोराको बयान गरेको । जिल्ला शिक्षा कार्यालय, बैतडीको पत्रबाट समेत हरिनाथबाट पेश गरेको सक्कलै प्रतिबेदनमा बिद्यालयमा सोधपुछ र खोज गर्दा कुनै पनि कागजात नभएको भन्ने समेत व्यहोराको प्रतिबेदन दिएको भन्ने समेत व्यहोराको प्रत्र पठाएको । प्रतिबादी हरिनाथलाई जिल्ला शिक्षा कार्यालय बैतडीले उक्त बिषयमा बुझ्न खटाई पठाएकोमा निजले दिएको प्रतिबेदन अनुसार उक्त बिद्यालयमा काम काज गरेको कुनै पनि प्रमाण नभेटिएको र निजको रजिष्ट्ररमा हाजिर समेत नभएको साथै निजको बिद्यालयमा ब्यक्तिगत फायल समेत नभएको प्रतिबेदन दिएको भन्ने समेत व्यहोराको जिल्ला शिक्षा कार्यालय ,बैतडीको पत्रबाट समेत उल्लेख भई आएको । यस्तै जिल्ला शिक्षा कार्यलाय बैतडीको दर्ता चलानी किताबमा समेत हुनैनाथ प्रा.बि.ले मनकाकुमारी अवस्थीको नियुक्ति अभिलेखीकरण गर्न गराउने सम्बन्धी पत्र दर्ता नभएको भन्ने उक्त दर्ता किताबबाट देखिएको। यसरी उल्लेखित प्रमाण कागजबाट मनकाकुमारी अवस्थीले हुनैनाथ प्रा.बि.मा कुनै शिक्षक पदमा नियुक्त नलिएको, उक्त बिद्यालयमा काम समेत नगरेको र उक्त बिद्यालयबाट सरूवा भएको सरूवा पत्र समेत नलिएको भन्ने पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको ।
- मनकाकुमारी अवस्थीले नेपाली नागरिकताको प्रमाणपत्रमा मनकाकुमारी अवस्थी उल्लेख भएको हाल कञ्चनपुर जिल्ला अन्तर्गत श्रीराम आधारभूत विद्यालयमा कार्यरत मेनकाकुमारी अवस्थीले हुनैनाथ प्राथमिक विद्यालय सल्सेनाबाट शिक्षक पदको कुनै नियुक्ति पत्र नलिएको, जिल्ला शिक्षा कार्यालयबाट अवैध रुपमा दिइएको शिक्षक नियुक्तिको अभिलेख जनाइएको पत्र र उक्त विद्यालयबाट बलैराज नि.मा.वि. ,सुनखोलामा सरुवा भएको झुठो पत्र लिएर बलैराज नि.मा.वि. ,सुनखोलामा गई हाजिर भइ नियुक्ति नै नभएको अवस्थामा पनि उक्त झुठा सरुवापत्रको आधारमा झुठो रुपमा शिक्षक कायम भई सेवा सुबिधा लिएकोमा निज प्रतिबादी मनकाकुमारी अवस्थीले समेत मौकामा बयान गर्दा त्यतिबेला म बेरोजगार थिँए, नियुक्ति पत्र छैन, मैले हुनैनाथ विद्यालयमा कुनै काम गरेको छैन भन्ने समेत व्यहोराको बयान गरेको । पिपलकोट स्रोतकेन्द्रका स्रोतव्यक्ति हरिनाथले मनकाकुमारीको शुरु नियुक्ति भएको थिएन, तत्कालीन जि.शि.अ.अमरप्रसाद भट्टको मौखिक निर्देश, आदेश अनुसार मनकाकुमारीलाई बलैराज नि.मा.वि.मा हाजिर गराएको हो भन्ने समेत व्यहोराको बयान गरेको । यसरी प्रतिबादीले कसूर गरेको स्वीकार गरी बयान गरेको अवस्थामा आरोपमाग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको ।
- प्रतिबादीहरू मध्येका अमरप्रसाद भट्टले नियुक्ति पत्र नै नभएको गैर शिक्षक व्यक्ति मनकाकुमारी अवस्थीलाई हुनैनाथ प्रा.बि. सल्सेनाको व्यवस्थापन समितिबाट नियुक्ति भएको भनी विना कुनै कागजात नियुक्तिको अभिलेखीकरण गर्न प्राविधिक सहायकलाई टिप्पणी उठाउन लगाई आफूले स्वीकृत गरी लगत्तै उक्त विद्यालयबाट बलैराज निम्न माध्यमिक विद्यालय सुनखोलामा सरुवा गरी उक्त सरुवालाई शिक्षा समितिको बैठकबाट सरुवा समर्थनको निर्णय गराई तलब लगायतका सुविधाहरु निकासा दिईएको । यी प्रतिबादीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "नियुक्ति नै नभइ अभिलेख जनाइएको हो भने त्रुटीपूर्ण हो, यो त्रुटी मैले जानेर बुझेर गरेको होइन" भन्ने समेत स्वीकारोक्तिपूर्ण बयान गरेको । अदालतमा बयान गर्दा समेत हुनैनाथ प्रा.बि. सल्सेनाका प्र.अ.ले शिक्षक मनका कुमारी अबस्थी नियुक्तको लागी अभिलेखिकरणको फाईल र

पहिलो चौमासिकको तलब माग फारम जि.शि.का बैतडीमा पेश भएको हो भन्ने समेत व्यहोराको बयान गरेपनि मनकाकुमारी अवस्थीले बलैराज निम्न माध्यमिक बिद्यालयबाट तलब भत्ता लिएको देखिदा निजको भनाई नै खण्डित भएको ।

- जिल्ला शिक्षा कार्यालयका तत्कालीन स्रोतव्यक्ति हरिनाथले हुनैनाथ प्राथमिक विद्यालय सल्सेनामा शिक्षक पद रिक्त नरहेको, सो विद्यालयले मनकाकुमारी अवस्थीलाई शिक्षक पदमा नियुक्ति नगरेको, निज मनकाकुमारी अवस्थीसँग नियुक्ति पत्र नभएको जानकारी भएर पनि उक्त विद्यालयबाट बलैराज नि.मा.वि., सुनखोलामा सरुवा भएको झुठो पत्र लिएर निज मनकाकुमारीलाई साथै लगी बलैराज नि.मा.वि., सुनखोलामा गइ हाजिर गराउने कार्य गरी जिल्ला शिक्षा अधिकारीको अनियमित कार्यमा मतियार भई निजले सहयोग गरेको । प्रतिबादी हरीनाथले मौकामा बयान गर्दा मनका कुमारी अवस्थीको मेरो कार्याकालमा मेरो क्षेत्रमा शुरू नियुक्त भएको छैन तत्कालिन जिल्ला शिक्षा अधिकारीको मौखिक निर्देशनमा मेरो कार्यक्षेत्रको बिद्यालयमा पुराईदिएको हुँ भन्ने समेत व्यहोराको बयान मिलान हुने गरी बयान गरेको । अदालतमा बयान गर्दा समेत जिल्ला शिक्षा कार्यालय बैतडीको पत्र अनुसार कामकाज गर्न लगाएको र जिल्ला शिक्षा कार्यालयबाट तलब निकास दिएपछि कामकाजको आधारमा भुक्तानी दिएको हो भन्ने समेत व्यहोराको बयान गरेतापनि निजले झुटा रमाना पत्रको आधारमा हाजिर गराएको र नियुक्त नभएको शिक्षकलाई समेत तलब भत्ता खुवाएको भन्ने स्वीकार गरेको । यस्तै बलैराज नि.मा. वि. बैतडीका व्यवस्थापन समितिका अध्यक्ष जयराज जोशीले मनकाकुमारी अवस्थीलाई अन्य विद्यालयबाट आफ्नो विद्यालयमा सरुवा भई आउन कुनै पनि निर्णय नगरेको र सहमति पत्र नदिएको साथै हुनैनाथ प्रा.वि., सल्सेनाको रमाना पत्र नभएको जानकारी हुँदा हुँदै पनि विना रमाना पत्र आफ्नो विद्यालयमा हाजिर गराई शिक्षक पदमा कायम गरी कानुन विपरित प्रधानाध्यापक र निजको संयुक्त दस्तखतबाट रु.७४,९२०।पारिश्रमिक भुक्तानी दिई सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार कार्यमा संलग्न भएको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको ।
- हुनैनाथ आधारभूत विद्यालयका प्रधानाध्यापक मानसिंह कार्कीले आफ्नो विद्यालयमा मनकाकुमारीको नियुक्ति नभएकोले कामकाज नगरेको, हाजिरी रेकर्ड लगायतका कुनै पनि प्रकारको अभिलेख तथा निजको व्यक्तिगत विवरण विद्यालयमा नभएको, रमाना पत्र नदिइएको" भन्ने समेत कागज गरेको जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी तथा जिल्ला शिक्षा समिति बैतडीका तत्कालीन अध्यक्ष खेमराज विष्ट र प्रमुख जिल्ला अधिकारी तथा जिल्ला शिक्षा समितिका तत्कालीन सदस्य लिलाधर अधिकारीले समितिको बैठकमा सदस्य सचिवले जिल्ला शिक्षा अधिकारीलाई झुक्याएर सरुवा समर्थन सम्बन्धी निर्णय गराउन पेश गरेको भन्ने समेत ब्यहोराको कागज गरेका र अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत प्रतिबादी अमरभट्टले गलत गरेको हो सजाय हुनु पर्छ भन्ने समेत व्यहोराको बकपत्र गरेको । यसरी प्रतिबादीहरूले मौकामा आरोपित कसूर गरेकोमा स्वीकार गरेको बयानलाई मौकामा कागज गरिदिने व्यक्तिहरूले गरेको कागजबाट समर्थन भएको र मौकाका कागज गर्ने ब्यक्ति अदालतमा उपस्थित भई मौकाको ब्यहोरा समर्थन हुने गरी गरेको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १<br>२<br>३)<br>४)<br>५)<br>६) | अमरप्रसाद भट्ट<br>मनकुमारी अवस्थी<br>हरिनाथ<br>नरबहादुर कुँवर<br>जयराज जोशी<br>मञ्जुकुमारी सिंह<br><br>(विशेष अदालतको मुद्दा नं. ०७९-CR-०११४ र फैसला मिति २०८०/११\१७ आयोगको पु.वे.गर्ने निर्णय ५०९ नं. मिति २०८१/०७/३० | झुठा सरूवा पत्रको आधारमा शिक्षक कायम गरी भ्रष्टाचार गरेको | प्रस्तुत मुद्दाका प्रतिबादी अमरप्रसाद भट्ट, मनकाकुमारी अवस्थी, नरबहादुर कुंवर, जयराज जोशीको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफामा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम बिगो रु. ७४,९२०।(अक्षेरुपी **चौहत्तर** हजार नौसय बीस) कायम गरी कैद र बिगो बमोजिमको जरिबाना हुन तथा सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो रु.७४,९२०। (अक्षेरुपी चौहत्तर हजार नौ सय बीस रुपैया) निज प्रतिवादीबाट असुल उपर हुनहुन माग दाबी लिईएको ।<br>प्रतिबादी हरिनाथको हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमिको कसूरमा सोही दफाले उल्लेख भए बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)को खण्ड (ग) बमोजजिम बिगो रू | **फैसलाः**<br>प्रतिवादी अमरप्रसाद भट्ट,मनकुमारी अवस्थी,हरिनाथ,नरबहासुर कुंवर,जयराज जोशी र मञ्जुकुमारी सिंहलाई लाई सफाई दिने गरी फैसला भएको ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>१) प्रतिबादी मनकाकुमारी अवस्थिले काम काज गरी पारिश्रमिक बापत बुझेको तलब भत्तालाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको भनी अर्थ गर्न मिल्ने देखिदैन ।<br>२) प्रतिबादी अमरप्रसाद भट्टले बदनियत राखु पर्ने कारण अभियोजन पक्षले उल्लेख गरेको देखिदैन<br>३) प्रतिबादी नरबादुर कुँवरले तालुक कार्यालयबाट प्राप्त निर्देशन पालनसम्म गरेको कार्य अन्य प्रमाणको अभावमा भ्ष्ट्राचार जन्य कसुर हुन सक्दैन ।<br>४) प्रतिबादी जयराज जोशीले सरूवा भई आएका शिक्षक मनकुमारीलाई शिक्षण सेवा गरे बापतको पारिश्रमिक भुक्तानी गर्ने कार्य भ्ष्ट्राचारको कसूर मान्न मिल्ने | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>क) प्रतिबादी मनकाकुमारी अवस्थीले शिक्षक पदमा नियुक्ति नभई बलैराज नि.मा.वि. सुनखोला, बैतडीमा सरुवा पत्र पेश गरी हाजिर भई तलव सुविधा बुझेको भन्ने समेत व्यहोराको उजुरी परी प्रस्तुत मुद्दाको अनुसन्धान भएको देखिन्छ ।प्रतिबादी मध्येका मनकाकुमारी अवस्थीले मिति २०७२।१२।३० मा मिति २०७२ पौष ९ गते देखि २०७३\०१\०८ गतेसम्म ४ महिनाको मासिक तलवभत्ता. रु. १७,७३०। (अक्षेरुपी सत्र हजार सात तीस) र महंगी भत्ता रु. १,०००। (अक्षेरुपी एक हजार) का दरले हुन आउने रु. ७४,९२०। (अक्षेरुपी चौहत्तर हजार नौसय बीस) श्री बलैराज निम्नमाध्यमिक विद्यालयबाट बुझीलिइ भर्पाई लिएको गरिदिएको भन्ने बलैराज आधारभुत बिद्यालय सुनखोलाको मिति २०७४\०८\२० को च.नं. २४ को पत्र र प्रतिबादी मनका कुमारीले मिति २०७२१२।३० को तलब बुझेको भर्पाई देखिन्छ उक्त कुरामा प्रतिबादी मनकाकुमारी अवस्थीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा समेत स्वीकार गरेको देखिन्छ ।<br>ख) प्रतिबादी मध्येका मनाकादेवी अवस्थी हुनैनाथ प्राथमिक बिद्यालयमा शिक्षक पदको लागी कुनै नियुक्त लिएको देखिदैन । उक्त कुरा हुनैनाथ प्रा.बि. सल्सेनाको च.नं. ९ मिति २०७४\०९\२३ गतेको पत्रबाट मनकाकुमारी अवस्थीलाई बिद्यालयमा नियुक्त नगरिएको तलब नखुवाईएको तलवी भर्पाई नभएको हाजिर नभएको र मनकाकुमारी अवस्थी यस बिद्यालयबाट बलैराज नि.मा.बि सुनखोलामा सरूवा नभएको,रमना पत्र नदिएको र यस बिद्यालयमा निजको कुनै पनि कागजपत्र नभएको भन्ने समेत व्यहोरा उल्लेख गरी पत्र पठाएकोबाट पुष्टि हुन आउछ ।मनका कुमारी अबस्थीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा समेत हुनैनाथ प्रा.बि. सल्सेनामा प्रकृयागत रूपमा नियुक्त लिएको भन्ने भन्न नसकेको र नियुक्त पत्र आउदैछ दिन्छौ भनेर बि.नि. सर हरिनाथले सोझै बलैराज नि.मा.बि.मा लिएर जानु भएको हो (स.ज. १०) भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७४ङ९२०।— कायम गरी सजायको माग दावी लिएको<br><br>प्रतिबादी मञ्जुकुमारी सिंहको हकमा संजय ठाकुरको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा १३३(२) र दफा १५८(२) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९(क) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४६ बमोजिम बिगो भराउने प्रयोगजनार्थ प्रतिबादी कायम गरिएको । | देखिएन ।<br><br>५) शिक्षक मनकाकुमारी अवस्थीलाई हरिनाथले सरूवा तथा पदस्थापना भएको बिद्यालयमा संगै लिई जानु नै भ्रष्टाचारजन्य कसूर मात्र मिल्ने देखिदैन | जिल्ला शिक्षा कार्यालय,बैतडीको मिति २०७३\०८\१२ को च.नं.१०५२ को पत्रबाट समेत हरिनाथबाट पेश गरेको सक्कलै प्रतिबेदनमा बिद्यालयमा सोधपुछ र खोज गर्दा कुनै पनि कागजात नभएको भन्ने समेत व्यहोराको प्रतिबेदन दिएको भन्ने समेत व्यहोराको प्रत्र पठाएको देखिन्छ ।प्रतिबादी मनकाकुमारी अवस्थीको शिक्षक छनोटको क्रममा हुनैनाथ प्रा.बि.मा गई सोधपुछ गर्दा शिक्षक छनोटसंग सम्बन्धित कुनै पनि कागजात बिद्यालयमा नभएको भन्ने समेत व्यहोराको स्रोतकेन्द्र पिपलकोटको च.नं. ३०४ मिति २०७३\०७\२९ को पत्रबाट देखिन आउछ ।प्रतिबादी हरिनाथलाई जिल्ला शिक्षा कार्यालय बैतडीले उक्त बिषयमा बुझ्न खटाई पठाएकोमा निजले दिएको प्रतिबेदन अनुसार उक्त बिद्यालयमा काम काज गरेको कुनै पनि प्रमाण नभेटिएको र निजको रजिष्ट्रमा हाजिर समेत नभएको साथै निजको बिद्यालयमा ब्यक्तिगत फायल समेत नभएको प्रतिबेदन दिएको भन्ने समेत व्यहोराको जिल्ला शिक्षा कार्यालय ,बैतडीको च.नं. १२७१ मिति २०७३\०९\१८ को पत्रबाट समेत उल्लेख भई आएको देखिन्छ ।स्रोतकेन्द्र,पिपलकोटको च.नं. ४१२ मिति २०७३\०९\०८ को पत्रबाट सेमत मनकाकुमारी अवस्थिले काम गरेको कुनै पनि प्रमाण भेटिएन वा पाईएन, काम काज गरेको आधार केही पनि छैन हाजिरी रजिष्ट्रर छैन र व्यक्तिगत फाईल समेत नभेटिएको भन्ने समेत व्यहोराको पत्रबाट खुलाएको देखिन्छ । यस्तै जिल्ला शिक्षा कार्यलाय बैतडीको दर्ता चलानी कितावमा समेत हुनैनाथ प्रा.बि.ले मनकाकुमारी अवस्थीको नियुक्ति अभिलेखीकरण गर्न गराउने सम्बन्धी पत्र दर्ता नभएको भन्ने उक्त दर्ता कितावबाट देखिन्छ । यसरी उल्लेखित प्रमाण कागजबाट मनकाकुमारी अवस्थीले हुनैनाथ प्रा.बि.मा कुनै शिक्षक पदमा नियुक्त नलिएको ,उक्त बिद्यालयमा काम समेत नगरेको र उक्त बिद्यालयबाट सरूवा भएको सरूवा पत्र समेत नलिएको भन्ने पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>ग) मनकाकुमारी अवस्थीले नेपाली नागरिकताको प्रमाणपत्रमा मनकाकुमारी अवस्थी उल्लेख भएको हाल कञ्चनपुर जिल्ला अन्तर्गत श्रीराम आधारभूत विद्यालयमा कार्यरत मेनकाकुमारी अवस्थीले हुनैनाथ प्राथमिक विद्यालय सल्सेनाबाट शिक्षक पदको कुनै नियुक्ति पत्र नलिएको, जिल्ला शिक्षा कार्यालयबाट अवैध रुपमा दिइएको शिक्षक नियुक्तिको अभिलेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जनाइएको पत्र र उक्त विद्यालयबाट बलैराज नि.मा.वि. ,सुनखोलामा सरुवा भएको झुठो पत्र लिएर बलैराज नि.मा.वि. ,सुनखोलामा गई हाजिर भइ नियुक्ति नै नभएको अवस्थामा पनि उक्त झुठा सरुवापत्रको आधारमा झुठो रुपमा शिक्षक कायम भई सेवा सुबिधा लिएको देखिन्छ । निज प्रतिबादी मनकाकुमारी अवस्थीले समेत मौकामा बयान गर्दा त्यतिबेला म बेरोजगार थिँए, नियुक्ति पत्र छैन, मैले हुनैनाथ विद्यालयमा कुनै काम गरेको छैन भन्ने समेत व्यहोराको बयान गरेकी छन । पिपलकोट स्रोतकेन्द्रका स्रोतव्यक्ति हरिनाथले मनकाकुमारीको शुरु नियुक्ति भएको थिएन, तत्कालीन जि.शि.अ.अमरप्रसाद भट्टको मौखिक निर्देश, आदेश अनुसार मनकाकुमारीलाई बलैराज नि.मा.वि.मा हाजिर गराएको हो भन्ने समेत व्यहोराको बयान गरेका छन ।यसरी प्रतिबादीले कसूर गरेको स्वीकार गरी बयान गरेको अवस्थामा आरोपमाग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>घ) प्रतिबादीहरू मध्येका अमरप्रसाद भट्टले नियुक्ति पत्र नै नभएको गैर शिक्षक व्यक्ति मनकाकुमारी अवस्थीलाई हुनैनाथ प्रा.बि. सल्सेनाको व्यवस्थापन समितिबाट नियुक्ती भएको भनी विना कुनै कागजात नियुक्तिको अभिलेखीकरण गर्न प्राविधिक सहायकलाई टिप्पणी उठाउन लगाई आफूले स्वीकृत गरी लगत्तै उक्त विद्यालयबाट बलैराज निम्न माध्यमिक विद्यालय सुनखोलामा सरुवा गरी उक्त सरुवालाई शिक्षा समितिको बैठकबाट सरुवा समर्थनको निर्णय गराई तलब लगायतका सुविधाहरु निकासा दिईएको देखिन्छ ।यी प्रतिबादी अमरप्रसाद भट्टले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "नियुक्ति नै नभइ अभिलेख जनाइएको हो भने त्रुटीपूर्ण हो, यो त्रुटी मैले जानेर बुझेर गरेको होइन"भन्ने समेत स्वीकारोक्ती पूर्ण बयान गरेका छन । अदालतमा बयान गर्दा समेत हुनैनाथ प्रा.बि. सल्सेनाका प्र.अ.ले शिक्षक मनका कुमारी अबस्थी नियुक्तको लागी अभिलेखिकरणको फाईल र पहिलो चौमासिकको तलब माग फारम मिति २०७२\०६\१९ मा जि.शि.का बैतडीमा पेश भएको हो भन्ने समेत व्यहोराको बयान गरेपनि मनकाकुमारी अवस्थीले हुनैनाथ बाट नियुक्त भई तलव भत्ता लिएको नभई बलैराज निम्न माध्यमिक बिद्यालयबाट तलब भत्ता लिएको देखिदा निजको भनाई नै खण्डित भएको देखिदा देखिदै सफाई दिन मिल्ने होईन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ङ) जिल्ला शिक्षा कार्यालयका तत्कालीन स्रोतव्यक्ति हरिनाथले हुनैनाथ प्राथमिक विद्यालय सल्सेनामा शिक्षक पद रिक्त नरहेको, सो विद्यालयले मनकाकुमारी अवस्थीलाई शिक्षक पदमा नियुक्ति नगरेको, निज मनकाकुमारी अवस्थीसँग नियुक्ति पत्र नभएको जानकारी भएर पनि उक्त विद्यालयबाट बलैराज नि.मा.वि., सुनखोलामा सरुवा भएको झुठो पत्र लिएर निज मनकाकुमारीलाई साथै लगी बलैराज नि.मा.वि., सुनखोलामा गइ हाजिर गराउने कार्य गरी जिल्ला शिक्षा अधिकारीको अनियमित कार्यमा मतियार भई निजले सहयोग गरेको देखिन्छ बलैराज आधारभुत बिद्यालय सुनखोलाको च.नं. २४ मिति २०७४\०८\२० को पत्रबाट समेत यी प्रतिबादीले मनकाकुमारी अवस्थीलाई लिएर आएको भन्ने कुराको पुष्टि हुन आउछ । प्रतिबादी हरीनाथले मौकामा बयान गर्दा मनका कुमारी अवस्थीको मेरो कार्याकालमा मेरो क्षेत्रमा शुरू नियुक्त भएको छैन तत्कालिन जिल्ला शिक्षा अधिकारीको मौखिक निर्देशनमा मेरो कार्यक्षेत्रको बिद्यालयमा पुराईदिएको हुँ भन्ने समेत व्यहोराको बयान गरेका छन भने अदालतमा उपस्थित भई बयान गर्दा समेत सोही व्यहोरा मिलान हुने गरी बयान गरेका छन ।बलैराज नि.मा. विद्यालय, बैतडीका प्रधानाध्यापक नरबहादुर कुँवरले मनकाकुमारी अवस्थीलाई अन्य विद्यालयबाट आफ्नो विद्यालयमा सरुवा भई आउन विद्यालयले कुनै पनि निर्णय नगरेको र सहमति पत्र नदिएको अवस्था, हुनैनाथ प्रा.वि. सल्सेनाको रमाना पत्र नभएको जानकारी हुँदा हुँदै पनि विना रमाना पत्र आफ्नो विद्यालयमा हाजिर गराई, शिक्षक पदमा कायम गरी नियुक्ति पत्र नभएको व्यक्तिलाई कानुन विपरित पारिश्रमिक भुक्तानी दिएको देखिन्छ ।निज प्रतिबादीले मौकामा बयान गर्दा समेत शिक्षक मनकाकुमारी अवस्थीको हाजिरभएको जानकारी जिल्ला शिक्षा कार्यालयमा दिएको र चौमासिक तलब भत्ता समेत खुवाएको कुरामा स्वीकार गरी बयान गरेका छन ।अदालतमा बयान गर्दा समेत जिल्ला शिक्षा कार्यालय बैतडीको पत्र अनुसार कामकाज गर्न लगाएको र जिल्ला शिक्षा कार्यालयबाट तलब निकास दिएपछि कामकाजको आधारमा भुक्तानी दिएको हो भन्ने समेत व्यहोराको बयान गरेतापनि निजले झुटा रमाना पत्रको आधारमा हाजिर गराएको देखिन्छ ।र नियुक्त नभएको शिक्षकलाई समेत तलब भत्ता खुवाएको भन्ने स्वीकार गरेको देखिन्छ ।यस्तै बलैराज नि.मा. वि. बैतडीका व्यवस्थापन समितिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अध्यक्ष जयराज जोशीले मनकाकुमारी अवस्थीलाई अन्य विद्यालयबाट आफ्नो विद्यालयमा सरुवा भई आउन कुनै पनि निर्णय नगरेको र सहमति पत्र नदिएको साथै हुनैनाथ प्रा.वि., सल्सेनाको रमाना पत्र नभएको जानकारी हुँदा हुँदै पनि विना रमाना पत्र आफ्नो विद्यालयमा हाजिर गराई शिक्षक पदमा कायम गरी कानुन विपरित प्रधानाध्यापक र निजको संयुक्त दस्तखतबाट रु.७४,९२०।(अक्षेरुपी चौहत्तर हजार नौसय बीस) पारिश्रमिक भुक्तानी दिई सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार कार्यमा संलग्न भएको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>च) । मौकामा कागज गर्ने व्यक्तिहरू मध्येका हुनैनाथ आधारभूत विद्यालयका प्रधानाध्यापक मानसिंह कार्कीले आफ्नो विद्यालयमा मनकाकुमारीको नियुक्ति नभएकोले कामकाज नगरेको, हाजिरी रेकर्ड लगायतका कुनै पनि प्रकारको अभिलेख तथा निजको व्यक्तिगत विवरण विद्यालयमा नभएको, रमाना पत्र नदिइएको"भन्ने समेत कागज गरेको देखिन्छ ।अदालतमा उपस्थित भई मौकाको कागज समर्थन हुने गरी बकपत्र गरिदिएका छन ।जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी तथा जिल्ला शिक्षा समिति बैतडीका तत्कालीन अध्यक्ष खेमराज विष्ट र प्रमुख जिल्ला अधिकारी तथा जिल्ला शिक्षा समितिका तत्कालीन सदस्य लिलाधर अधिकारीले समितिको बैठकमा सदस्य सचिवले जिल्ला शिक्षा अधिकारीलाई झुक्याएर सरुवा समर्थन सम्बन्धि निर्णय गराउन पेश गरेको भन्ने समेत ब्यहोराको कागज गरेका छन । भने अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत प्रतिबादी अमरभट्टले गलत गरेको हो सजाय हुनु पर्छ भन्ने समेत व्यहोराको बकपत्र गरेको देखिन्छ । यसरी प्रतिबादीहरूले मौकामा आरोपित कसूर गरेकोमा स्वीकार गरेको बयानलाई मौकामा कागज गरिदिने व्यक्तिहरूले गरेको कागजबाट समर्थन भएको र मौकाका कागज गर्ने ब्यक्ति अदालतमा उपस्थित भई मौकाको ब्यहोरा समर्थन हुने गरी गरेको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा बदरभागी रहेको छ ।<br>छ) सम्मानित अदालतबाट फैसला हुँदा प्रतिबादी अमरनाथ भट्टको बदनियत पुष्टि हुन नसकेको भन्ने सन्दर्भ छ बदनियत बस्तुगत रूपमा तथ्यगत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | आधारमा ( objective factual circumstance ) देख्न सकिन्छ । प्रतिबादी अमरनाथ भट्ट,मनकाकुमारी अवस्थी समेतले मिलोमतो गरी अनुचित आर्थिक लाभ वा व्यक्तिगत लाभ लिएको देखिएको अवस्था नै बदनियतको शंकेत हो । प्रतिबादी अमरनाथ भट्टले अर्का प्रतिबादी मनकाकुमारी अबस्थी शिक्षक पदमा नियुक्त नै नभएको अवस्थामा पनि सरूवा गरी बलैराज नि.मा.वि. सुनखोलामा सरूवा पदस्थापन गर्नु नै निजको बदनियत रहेको प्रष्ट देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीको कार्यबाट नै बदनियत पुष्टि भएको अवस्थामा बदनियत पुष्टि हुन नसकेको भनी सफाई दिने गरी भएको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ<br>ज) प्राविधिक सहायक स्वर्गीय सञ्जय ठाकुर दनुवारको श्रीमती मञ्जुकुमारी सिंहको हकमा हुनैनाथ प्रा.वि. सल्सेनामा शिक्षक पद रिक्त नै नभएको, शिक्षक नियुक्तिको लागि अनुमति पत्र नै माग नगरेको साथै उक्त विद्यालयले शिक्षक पदमा कसैलाई पनि नियुक्तीपत्र नै नदिएको अवस्थामा बिना कुनै कागजात मनकाकुमारी अवस्थीको नियुक्तिको अभिलेखीकरण गर्नको लागि टिप्पणी उठाई गैर शिक्षक व्यक्तिलाई शिक्षक कायम गराई तलब भत्ता लगायतका सुविधाहरु रु. ७४,९२०।(अक्षेरुपी चौहत्तर हजार नौसय बीस)उपलव्ध गराउने कार्य गरेको देखिन्छ । निजले मौकामा बयान गर्दा मनकाकुमारीलाई हुनैनाथ आधारभूत विद्यालय सल्सेनाले शिक्षक पदमा नियुक्ति गरेको व्यहोराको कुनै पनि कागजात कार्यालयमा प्राप्त भएका होइनन्, जिल्ला शिक्षा अधिकारीले नियुक्ति गरेको कागजातहरु म समक्ष आएका छन् तिमीले हेरिरहनु पर्दैन भनी टिप्पणी उठाउन मौखिक निर्देशन दिएको हुँदा टिप्पणी उठाएको भन्ने समेत व्यहोराको बयान गरेका छन । निज प्रतिबादी संजय ठाकुरको मृत्यु भएको देखिदा उक्त हिनामिना गरेको रकम असुल उपर गर्ने प्रयोजनको लागी मात्र यी प्रतिबादी मञ्जुकुमारी सिंह उपर माग दावी लिईएकोमा यी प्रतिबादीबाट हिनामिना भएको बिगो रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भराईदिनु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले गरेको फैसला त्रुटिपूर्ण देखिदा प्रतिबादीहरू अमरप्रसाद भट्ट,मनकुमारी अवस्थी,हरिनाथ,नरबहादुर कुँवर,जयराज जोशी लाई आरोपत्र बमोजिम कसूर ठहर गरी सजाय गरी पाउन र मञ्जुकुमारी सिंहको हकमा आरोपमाग दावी बमोजिमको बिगो भराईदिनु हुन सम्मानित अदालत समक्ष अनुरोध छ भई बदरभागी रहेको छ |